# उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट जारी भएको

## सूचना

लामो समयदेखि बन्दावन्दी र निषेधाज्ञा जारी भई न्याय सम्पादनका आंशिक कार्यहरु मात्र सुचारु भएकोमा थप कार्य गर्नु आवश्यक भएकोले उच्च सरकारी वकील कार्यालय, उच्च अदालत वार एशोसिएशन र सम्बन्धित सरोकारवालाको समन्वयमा देहायका कार्यहरु मध्ये सरकारवादी फौजदारी मुद्दाहरुको पुनरावेदन दर्ता मिति २०७७।०५।२६ गते देखि तथा शुरु तहको थुनछेक आदेश उपरको मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १५७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन दर्ता र सुनुवाई मिति २०७७।०५।२८ गते आईतवारदेखि र निम्न अनुसारका अन्य कार्यहरु मिति २०७७।०६।०१ गतेदेखि लागू हुने गरी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

निम्नः

१) वन्दींप्रत्यक्षीकरण र कोभिड सम्बन्धी निवेदनहरु(निरन्तर भईरहेको) वाहेक अन्य रिट निवेदनहरुको हकमा दैनिक वढीमा १० वटा सम्म रिट निवेदनहरु दर्ता र सुनुवाई,
२) संक्रामक रोग सम्बन्धी ऐन अनुसारका मुद्दाहरुको निबेदन, पुनराबेदन दर्ता र सुनुवाई(निरन्तर भईरहेको)
३) उच्च अदालतको सुरु क्षेत्राधिकार भएका सवै मुद्दाहरु दर्ता तथा सुनुवाई,
४) सुरु तहको थुनछेक आदेश उपरको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निबेदन, दर्ता र सुनुवाई,
५) मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १५७ बमोजिमको निबेदन, दर्ता र सुनुवाई,
६) मुलुकी फौजदारी कार्यविधि सँहिता, २०७४ को दफा १५५ अनुसारका निबेदनहरु दर्ता र सुनुवाई,
७) नाबालकको अभिभावक जिम्मा सम्बन्धी निबेदन दर्ता र सुनुवाई,
८) जेष्ठ नागरिकको कैद छुट सम्बन्धी निबेदन दर्ता र सुनुवाई,

शाखा अधिकृत

९) थुनामा रहेका मुद्दाहरुको कारबाही तथा थुनामा रहेका पक्षहरु र सो सँग लगाउमा रहेका मुद्दाहरु एवं साधक र तत्सम्बन्धी पुनराबेदन दर्ता र सुनुवाई,

१०)सरकारवादी फौजदारी मुद्दामा सरकारी पक्षको पुनराबेदन दर्ता र बिपक्षी झिकाउनु अघिसम्मको सुनुवाई,

११)२०७५ साल असार मसान्तसम्म दर्ता भई विचराधिन रहेका पुराना मुद्दाहरुमा दुवै पक्षले सुनुवाई गरी पाँउ भनी निवेदन दिएका मुद्दाहरु सुनुवाई,

१२)मुद्दाका दुबैपक्षले सुनुवाइ गरिपाउँ भनी दरखास्त दिएका सबैप्रकारका मुद्दाहरु, निबेदन एवम पुनराबेदनको सुनुवाइ,

१३)दर्ता भइ बिचाराधीन रहेका मिलापत्र वा फिर्ता हुनसक्ने सबै प्रकारका मुद्दाहरुको मिलापत्र वा फिर्ता सम्बन्धी काम कारबाहीहरु,

१४)बाँकी रहेका वा गर्नुपर्ने देखिएका सजाय निर्धारण सम्बन्धी फैसला कार्यहरु,

१५)प्रतिदिन वढीमा १५ वटासम्म पुनरावेदन पत्र दर्ता गर्ने कार्यहरु,

१६)लिखित जवाफ तथा प्रतिउत्तर पत्रहरु दर्ता गर्ने,

१७)सरकारवादी फौजदारीमुद्दामा हुने म्याद थपको सम्बन्धमा २४ घण्टाभित्रको PCR Report संलग्न भएक उपस्थित प्रतिवादीसहित म्याद थप हुने अन्यथा Virtual Method बाट म्याद थप गरिने,

१८)नेपाल सरकार मात्र विपक्षी भएका रिट निवेदनमा निवेदकले सुनुवाई गरी पाउँ भनी निवेदन दिएका रिट निवेदनहरुको सुनुवाई,

१९)न्यायप्रशासनका आन्तरिक विविध पत्राचार सहितका कार्यहरु,

२०)रायवाझी फैसला भई तेस्रो इजलास समक्ष पेश हुन बाँकी रहेका मुद्दाहरुको हकमा मुद्दाका पक्षहरु उपस्थित भई सुनुवाईको लागि निवेदन दिएमा तत्सम्बन्धी मुद्दाहरुको सुनुवाई,

२१)बहस पैरवीको सम्बन्धमा संभव भएसम्म भर्चुअल(Virtual) पद्दति अवलम्वन गर्ने गराउने,

उल्लिखित कार्यहरुका लागि हदम्याद वा म्याद तारेखका सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतको पूर्व फैसला अनुसार हुने भई प्रतिकूल असर नपर्ने र तत्सम्बन्धमा पुनः सूचना जारी गरिने व्यहोरा समेत सम्बन्धित सवैको जानकारीका लागि सूचित गरिन्छ।

दीपक गिरी
शाखा अधिकृत